नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नः-

प्रेस विज्ञप्ति

मिति २०८३ असार २६ गते (तदनुसार १० जुलाई सन् २०२६) गते शुक्रबार माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री गौरी कुमारीज्यूको नेतृत्वमा रहेको नेपाली प्रतिनिधिमण्डल र संयुक्त अरब इमिरेट्सका वैदेशिक व्यापारमन्त्री His Excellency Dr. Thani Bin Ahmed Al Zeyoudi को नेतृत्वमा रहेको प्रतिनिधिमण्डलबीच द्विपक्षीय भेटवार्ता सम्पन्न भयो ।

भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले नेपाल र संयुक्त अरब इमिरेट्सबीच सन् १९७७ मा स्थापित कूटनीतिक सम्बन्धको स्मरण गर्दै सन् २०२७ मा कूटनीतिक सम्बन्ध स्थापनाको स्वर्ण जयन्तीलाई अर्थपूर्ण बनाउन दुवै देशबीचको राजनीतिक, आर्थिक तथा लगानी सम्बन्धलाई थप सुदृढ बनाउनेतर्फ जोड दिनुभयो। उहाँले जलविद्युत्, नवीकरणीय ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधि, कृत्रिम बौद्धिकता तथा डेटा सेन्टरलगायतका क्षेत्रमा संयुक्त अरब इमिरेट्सका लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आमन्त्रण गर्नुभयो। त्यसैगरी नेपालबाट चिया, कफि, अलैंची, ताजा फलफुल तथा तरकारी, दुग्धजन्य पदार्थ, Spring water लगायतका नेपाली वस्तुको निर्यात प्रवर्द्धनका लागि संयुक्त अरब इमिरेट्स सरकारको सहयोगको लागि अनुरोध गर्नुभयो ।संयुक्त अरब इमिरेट्समा कार्यरत नेपाली कामदारहरूको हित संरक्षणका लागि कार्य अवस्था तथा सामाजिक सुरक्षा व्यवस्था थप सुदृढ बनाउन, प्रहरी चालचलन प्रमाणपत्रको पुन : प्रमाणीकरणमा लाग्ने अतिरिक्त शुल्क हटाइदिन तथा पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट संयुक्त अरब इमिरेट्ससँग प्रत्यक्ष हवाई सम्पर्क विस्तार गर्न आवश्यक सहयोगका लागि आग्रह गर्नुभयो।

संयुक्त अरब इमिरेट्सका महामहिम वैदेशिक व्यापारमन्त्रीज्यूले नेपालसँगको सम्बन्धलाई उच्च प्राथमिकता दिँदै जलविद्युत्, नवीकरणीय ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधि, कृत्रिम बौद्धिकता, डेटा सेन्टर, खाद्य सुरक्षा, गुणस्तरसम्बन्धी पूर्वाधार निर्माण, Digital Marketing, Data Management, व्यापार लजिष्टिक पूर्वाधार लगायतका क्षेत्रमा सहकार्य गर्न तयार रहेको बताउनुभयो। साथै, नेपाल-संयुक्त अरब इमिरेट्स संयुक्त व्यापार मञ्च स्थापनाको प्रस्तावलाई समर्थन गर्नुभयो। उहाँले नेपाली कामदारहरूको कल्याण र प्रहरी चालचलन प्रमाणपत्र पुनः प्रमाणीकरण सम्बन्धी विषयलाई संयुक्त अरब इमिरेट्सको सम्बन्धित निकाय मार्फत पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

भेटवार्ताको क्रममा दुवै पक्षबाट Comprehensive Economic Partnership Agreement (CEPA) र Bilateral Investment Agreement (BIA) लाई यथाशिघ्र टुंग्याउदै व्यापार, लगानी, पर्यटन तथा श्रम क्षेत्रमा सहकार्य विस्तार गरी द्विपक्षीय सम्बन्धलाई थप उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त भयो ।

मितिः २०८३ असार २६ गते शुक्रबार,
नेपाल सम्बत् ११४६

(नेत्र प्रसाद सुवेदी)
सहसचिव तथा प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np